आज मिति २०७८/०९/२८ गते बुधबार दिन प्रमुख जिल्ला अधिकारी श्री रमेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री रमेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| उप अनुसन्धान निर्देशक | - श्री रिवेन कुमार गच्छादार | - सदस्य |
| सेनानी | - श्री प्रविण आनन्द राई को.च. | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री गोपीकृष्ण भट्टराई | - सदस्य |
| नि. जिल्ला समन्वय अधिकारी | - श्री गणेश ढकाल | - सदस्य |
| सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| वरिष्ट जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

खेलकुद विकास समन्वय इकाई - श्री निर्मल कुमार घिमिरे

**विशेष आमन्त्रित**

माननीय मन्त्री श्री प्रदिप कटुवाल, प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री कुमार बहादुर कार्की, अध्यक्ष, ने.क.पा. एमाले

श्री कृष्ण प्र. दाहाल, नेपाली कांग्रेस

श्री .............................. ने.क.पा. एकीकृति समाजबादी

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री .................................., राष्ट्रिय प्रजातन्त्र पार्टी

श्री ज्वाला प्रसाद न्यौपाने, ने.क.पा. माओवादी केन्द्र, जिल्ला प्रतिनिधि

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अमरेश चन्द्र चौधरी अध्यक्ष उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री अर्जुन कुमार श्रेष्ठ, उद्योग वाणिज्य संघ ।

श्री कृष्णहरी घिमिरे, नेपाल पत्रकार महासंघ

श्री खेटराज अधिकारी, अध्यक्ष, गैर सरकारी संस्था महासंघ

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री दिपक घिमिरे, सिड्स नेपाल

निर्णयहरु:

१. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार, काठमाडौंको चलानी नं. १४४२ मिति २०७८/०९/२६ को पत्रबाट उल्लेख भई आएका निर्णयहरु कार्यान्वयन गर्ने । सो को सहज कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालयबाट आवश्यक आदेश वा सूचना जारी गर्ने ।

२. कोभिडको जोखिमलाई कम गर्न सबै सरकारी, गैरसरकारी, निजी संघ संस्था, राजनैतिक दल, सामाजिक संघ संस्था तथा क्षेत्रबाट पर्याप्त सहयोग समन्वय र सहकार्य गरी स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण परिपालना हुने व्यवस्था मिलाउने । पूर्ववतरुपमा भए गरेको भूमिकालाई सबैले सकृयता साथ निर्वाहं गर्ने ।

३. जनस्वस्थ्य कार्यालयबाट खोप लगाउने कार्यलाई प्रचार प्रसार र सहज रुपमा व्यवस्थित गर्ने । हाल सम्म बालबालिकालाई खोप लगाउने अभियान सुरु नभएकाले यथाशीघ्र व्यवस्था मिलाउने ।

४. सिन्धुली अस्पतालमा कोभिडमा काम गर्ने जनशक्तिको अभाव भएकोले बागमती प्रदेश स्वास्थ्य मन्त्रालयमा जनशक्ति व्यवस्थाको लागि अनुरोध गर्ने ।

२०७८/९/२८